धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३४४ ◆ २०८३ असार १६ गते मंगलबार, Tuesday, June 30, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## भ्रष्टाचार गरेको अभियोगमा नौ जनाविरुद्ध मुद्दा दायर

काठमाडौँ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नयाँ पर्यटन गन्तव्य पहिचान गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा भ्रष्टाचार भएको अभियोगमा बझाङको दुर्गाथली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतलगायत नौ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

सो कार्यक्रमका लागि आर्थिक वर्ष २०७५/७६ को स्वीकृत कार्यक्रमअन्तर्गत मन्दिर निर्माणका लागि निकासा भएको रकम हिनामिना गरेको पाइएको छ । आयोगले गरेको अध्ययनअनुसार छवीसपाथीभेरा गाउँपालिका-६ स्थित बाँठपाली देवता मन्दिर निर्माणका लागि रु ४५ लाख बराबरको रकम विनियोजन भएको थियो । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलको बजेट तथा कार्यक्रमसहितको पत्रबमोजिम निकासा लिने, खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र बेरुजु फछ्र्यौट समेतको जिम्मेवारी दुर्गाथली गाउँपालिकालाई दिइएको थियो ।

स्वीकृत लागत अनुमान रु ५६ लाख सात हजार ८९७ मध्ये उपभोक्ता सहभागिता रु ११ लाख सात हजार ८९७ र कन्टिन्जेन्सीतर्फ रु दुई लाख २५ बराबरको बजेट थियो । निर्माण भएकोभन्दा बढी काम भएको देखाई अस्वाभाविक दर राखी र सम्झौता बमोजिमको जनसहभागिता रकम कट्टा गरी नक्कली बिल भरपाईका आधारमा रु २२ लाख एक हजार ६६५ बराबरको रकम भुक्तानी गरेको आयोगको भनाइ छ ।

आयोगले दुर्गाथली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मकरबहादुर मण्डेल, लेखापाल प्रेमप्रसाद पौडेल, छविसपाथीभेरा गाउँपालिकाका इञ्जिनियर हिक्मत रावल र सबइन्जिनियर बमबहादुर बोहराविरुद्ध रु २२ लाख एक हजार ६६५ बराबरको बिगो माग दाबी गरेको छ । छविसपाथीभेरा गाउँपालिकाका तत्कालीन उपाध्यक्ष राधिकाकुमारी रतला, वडा नं ६ का वडाअध्यक्ष मोहनलाल विकविरुद्ध पनि समान बिगो बराबरको मागदाबी गरिएको छ । बाँठपाली देवता मन्दिर निर्माण समितिका अध्यक्ष कृष्णबहादुर बुढा, सचिव जयबहादुर बुढा र कोषध्यक्ष मधुलीदेवी बुढाविरुद्ध पनि समान बिगो र कैद सजायको माग दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

## चितवन र मकवानपुरका उत्कृष्ट २१ जना किसान पुरस्कृत

❑ *प्रत्यूष समाचारदाता*

भरतपुर । चितवन र मकवानपुरका उत्कृष्ट २१ जना किसान पुरस्कृत भएका छन् । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ चितवनले परियोजना लागू भएपछि कृषि वस्तुको उत्पादन, उत्पादकत्व र व्यवसायीकरण प्रवर्द्धन गर्न उत्कृष्ट भूमिका खेलेका किसानलाई धान दिवसको अवसर पारेर पुस्कृत गरेको हो ।

पुरस्कृत हुनेमा तरकारी, माछा, धान, केरा, मौरीपालनमा व्यावसायिक रूपमा लागेका किसान रहेका छन् । उनीहरूलाई रु १० हजार नगद, प्रमाणपत्र र दोसल्ला ओडाएर पुरस्कृत गरिएको कार्यालय प्रमुख तथा वरिष्ठ कृषि अधिकृत महेश रेग्मीले जानकारी दिनुभयो । पुरस्कृत हुनेमा सबैभन्दा तरकारी र धान जोनका किसान बढी छन् । कालिका-६ का मोरीपालक कृषक शिवप्रसाद शर्मा, कालिका-१० का गोगन श्रेष्ठ र खैरहनी-१० का विकाश ढकाल पुरस्कृत हुनुभएको छ ।

तरकारी जोनतर्फ मकवानपुरको थाहा-१ का सुमन गोपाली, थाहा-२ का निरोज प्रधान, थाहा-१० का भीमलाल गोपाली, भरतपुर-२८ की मीनाकुमारी चौधरी, भरतपुर-२६ का दीपकप्रसाद तिमल्सिना र भरतपुर-२४ का ईश्वरीप्रसाद न्यौपाने पुरस्कृत हुनुभएको छ । धान जोन तर्फ हेटौँडा-१८ की सावित्री न्यौपाने, हेटौँडा-१७ की कमलाकुमारी सापकोटा, मनहरी-६ का गोरखनाथ श्रेष्ठ, चितवनको खैरहनी-१३ का सूर्यबहादुर बोगटी, राप्ती-की प्रतिभा पाण्डे आचार्य, रत्ननगर-६ का डम्बर महत्तो पुरस्कृत भएको रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार माछा जोनतर्फ माडी-७ का खगेन्द्रप्रसाद अधिकारी, माडी-३ का दयाराम महत्तो र माडी-१ का सुरज महत्तो पुरस्कृत हुनुभएको छ ।

केरा जोनतर्फ कालिकाका टङ्कप्रसाद लामिछाने, रत्ननगर-११ का खेलप्रसाद भट्ट र भरतपुर-२८ का सुन्दरप्रसाद न्यौपाने पुरस्कृत भएको कार्यालयले जानकारी दिएको छ ।

## रास्वपा महाधिवेशनः चितवनका नेता खुसी

❑ *प्रत्यूष समाचारदाता*

चितवन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो राष्ट्रिय महाधिवेशन चितवनको भरतपुरमा सफलतापूर्वक सम्पन्न भएको भन्दै जिल्लाका नेताले खुसी व्यक्त गरेका छन् । स्थानीय व्यवस्थापन सम्हाल्नुभएका रास्वपाका जिल्लास्तरीय नेताहरुले महाधिवेशनस्थल भरतपुरमा गर्ने निर्णय भएसँगै राष्ट्रिय तथा अन्तरराष्ट्रिय तहमा चितवनले व्यापक रुपमा प्रचारप्रसार पाएको बताउनुभयो ।

पार्टीको उर्वरभूमि चितवनलाई प्राथमिकता दिई यहाँ महाधिवेशन गर्ने अवसर प्रदान गरेकामा पार्टी नेतृत्वलाई धन्यवाद दिँदै उहाँहरूले गर्मीका बाबजुद सबैको साथ सहयोग प्राप्त गरी पहिलो महाधिवेशन सफल बनाउन आयोजक जिल्लाका तर्फबाट कुनै कसुर बाँकी नराखेको दाबी गर्नुभयो ।

महाधिवेशनमा आवास र खानपानको व्यवस्थापनको संयोजन गर्नुभएका राजन गौतमले चितवन रास्वपाले ऐतिहासिक अवसर प्राप्त गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "झण्डै एक साता देशभरका रास्वपाका नेता, कार्यकर्ता तथा शुभेच्छुक यहाँ बस्दा जिल्लाको समग्र अर्थतन्त्र गतिशील भई जिल्लावासी लाभान्वित भएका छन् ।" चितवनको भूमिले रास्वपाको पहिलो महाधिवेशन गरेर नीति र नेतृत्व चयन गर्ने अवसर पाएको उहाँले बताउनुभयो । प्राविधिक कारणले महाधिवेशन लम्बिँदा पनि खानपान र आवासमा कुनै कमजोरी हुन नपाएको भन्दै नेता गौतमले भन्नुभयो, "गर्मीका कारण उत्पन्न समस्याबाहेक अरू भएजस्तो लाग्दैन। यस अवसरमा महाधिवेशन अवधिभर अहोरात्र खटिने सबै नेता, कार्यकर्ता, शुभेच्छुकलाई धन्यवाद भन्न चाहन्छु। समग्र चितवनको प्रतिष्ठा बढाउन रास्वपा महाधिवेशन सफल भएको छ ।" व्यवस्थापनमा खटिनुपर्दा प्राप्त हुनसक्ने पद गुमाउन परको प्रसङ्ग उल्लेख गर्दै उहाँले भन्नुभयो, "चितवनबाहिर महाधिवेशन भएको भए केन्द्रीय पदाधिकारीमा उम्मेदवारी दिन्थेँ होला, भ्याइनभ्याइ व्यवस्थापनमा कुद्नु पर्दा केन्द्रीय सदस्यमा पनि मनोनयन दर्ता गर्न सकिएन ।" साथीहरूको जोडबल रहे पनि व्यवस्थापन कमजोर हुने चिन्ताले उम्मेदवारी दिइन्, मैले पाइनँभन्दा पनि महाधिवेशन सफल भएकामा खुसी छु ।" यसैगरी जिल्ला सभापति मिनीमाधव खनाल केन्द्र र जिल्लाको टिम अहोरात्र खटिएकै कारण महाधिवेशन सफल भएको बताउनुहुन्छ । महाधिवेशन अवधिभर दिनरात, भोकतिर्खा नभनीकन काम गरेकाले नै महाधिवेशन सफल भएको स्पष्ट गर्दै उहाँले उहाँले भन्नुभयो, "चितवनले नयाँ नेतृत्व र नीति बनाएर पठाएको छ, यसमा हामी गौरवान्वित छौँ ।"

देशभरका रास्वपाका नेता तथा कार्यकर्ताले चितवनको राजनीतिसँगै पर्यापर्यटन र समग्र परिस्थितिको अवलोकन गर्न पाएको भन्दै जिल्ला सभापति खनालले चितवनले पाएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न भएको छ, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबै धन्यवादका पात्र हुनुहुन्छ भन्नुभयो ।

जिल्ला सचिव तेजेन्द्र पौडेलले केन्द्रीय पदाधिकारीमा चितवनका तीन वटै संसदीय क्षेत्रका प्रतिनिधि निर्वाचित हुनु हामी चितवनवासीका लागि गौरवका विषय भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामी जिल्लावासीको पहुँच केन्द्रीय पदाधिकारीसँगै सरकारका मन्त्रीहरुसम्म सहज भएको छ। चितवनमा सम्पन्न ऐतिहासिक महाधिवेशनपछि रास्वपा अझ सुदृढ, परिपक्व र राजनीतिक रुपमा अझ चलायमान भएको छ।"

## बहिरा विद्यालयमा निःशुल्क स्वास्थ्य परीक्षण

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । धादिङको नीलकण्ठ नगरपालिका-८ स्थित स्वावलम्बी बहिरा आधारभूत विद्यालयमा राष्ट्रिय धान दिवसको अवसरमा पङ्खा हस्तान्तरण, निःशुल्क स्वास्थ्य परीक्षण तथा दही-चिउरा खाने कार्यक्रम सम्पन्न भएको छ ।

शितल छहारी नेपालको आयोजना तथा कोइन ई.भी. जर्मनीको सहयोगमा आयोजित कार्यक्रममा विद्यालयको किचन र भोजन कक्षका लागि आवश्यक पङ्खा विद्यालयलाई हस्तान्तरण गरिएको हो। पङ्खा नीलकण्ठ नगरपालिका-८ का वडा अध्यक्ष प्रकाश श्रेष्ठले विद्यालयका प्रधानाध्यापक रामप्रसाद अधिकारीलाई हस्तान्तरण गर्नुभयो ।

कार्यक्रमका क्रममा विद्यार्थी, शिक्षक तथा अभिभावक गरी ६७ जनाको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको आयोजकले जनाएको छ। साथै राष्ट्रिय धान दिवसका अवसरमा विद्यालयका विद्यार्थी, शिक्षक तथा स्वास्थ्यकर्मीलाई दही-चिउरा खुवाएर दिवस मनाइएको थियो ।

प्रधानाध्यापक रामप्रसाद अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा वडा अध्यक्ष प्रकाश श्रेष्ठ प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा बागमती प्रदेश सूचना पुनरावेदन समितिका अध्यक्ष कृष्णराज अधिकारी, शितल छहारी नेपालका अध्यक्ष कृष्ण बद्री पौडेल, धादिङ अस्पतालका मेडिकल अधिकृत डा. सबिन भण्डारी, डा. एलिसा कोसया लगाएत अन्य सरोकारवालाको उपस्थिति रहेको थियो ।

कार्यक्रमको समापनमा प्रधानाध्यापक अधिकारीले सहयोग गर्ने सबै व्यक्ति तथा संस्थाप्रति धन्यवाद व्यक्त गर्नुभयो । वडा अध्यक्ष श्रेष्ठले आगामी आर्थिक वर्षमा विद्यालयसम्म पुग्ने सडक स्तरोन्नति गरी पहुँच सहज बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

## सागसब्जी र खसीबोका बिक्रीबाट आठ करोड आम्दानी

पर्वत । महाशिला गाउँपालिकाले सागसब्जी र खसीबोका बिक्री गरी पछिल्लो २० महिनामा रु आठ करोड आम्दानी गरेको छ। पालिका पर्वत जिल्लाकै सबैभन्दा विकट र सानो हो ।

यहाँस्थित छ वटै वडाका आठ सय ८३ कृषकले उत्पादन गरेका सागसब्जी, खसीबोका, स्थानीय जातका कुखुरा र दूध बिक्री गरी उक्त आम्दानी भएको पालिकाका अध्यक्ष इशवरी भुसालले बताउनुभयो । उत्पादित कृषिजन्य बस्तु सदरमुकाम कुश्मा, छिमेकी जिल्ला स्याङ्जा र पोखरामा बिक्री गरिन्छ । महाशिलामा उत्पादित सागसब्जी र खसीबोका किन्न पोखराको बिरौटामा रहेका तरकारी पसलमा बिहानैदेखि उपभोक्ता कुरेर बसेका हुन्छन् । गाउँमा उत्पादित स्थानीय जात स्वस्थ्यकर हुने भन्दै ग्राहकको पहिलो रोजाइँ महाशिलाकै उत्पादन बन्ने गरेको पूर्व अध्यक्ष जीवन विक्रम उच्चैले जानकारी दिनुभयो ।

पालिकाले सागसब्जीमा प्रतिकिलो रु पाँच मासुजन्य वस्तुमा रु २५ तथा दूधमा प्रतिलिटर रु दश अनुदान दिँदै आएको छ । कृषकको उत्पादनको यकिन मापन गर्ने कार्यका लागि गाउँपालिकाभित्रका मुख्य टोलमा ३३ वटा तराजु वितरण गरिएको छ । कृषकको गोठको भकारो सुधार र बाख्राको खोरसुधार कार्यमा ५० प्रतिशत अनुदानको कार्यक्रम सञ्चालन गरिएपछि ब्यावसायिक कृषिमा लाग्ने कृषकको आकर्षण बढेको छ। तरकारीखेतीमा लागेका यहाँका हरेक कृषकले न्यूनतम रु दुई लाखदेखि रु दश लाखसम्म आम्दानी गरेका छन्। उत्पादन सङ्कलनका लागि दुई जना बजार प्रतिनिधि पालिकाले नियुक्त गरेको छ। उहाँले कृषकको घर घर पुगी उत्पादन सङ्कलन गर्ने गर्नेगरेका छन् । पालिकाले पूर्णरुपमा कृषिमा आश्रित परिवार र व्यवसायले लिने कृषि ऋणमा लाग्ने ब्याजमा निश्चित अनुदान प्रदान गर्ने कार्यक्रम समेत सञ्चालन गरेको छ ।

सम्पादकीय ....

## विपद् पूर्वतयारीमा जुटौं

नेपाल प्राकृतिक रूपमा सुन्दर देश भए पनि भूकम्प, बाढी, पहिरो, डढेलो, चट्याङ, हिमपहिरो र अतिवृष्टिजस्ता विपद्का दृष्टिले अत्यन्त संवेदनशील मुलुक हो । जलवायु परिवर्तनको प्रभावसँगै यस्ता विपद्का घटना अझ अनिश्चित र तीव्र बन्दै गएका छन् । हरेक वर्ष वर्षायाम सुरु हुनासाथ बाढी र पहिरोले जनधनको ठूलो क्षति पुर्‍याउने गरेको छ भने भूकम्पजस्ता आकस्मिक विपद्ले राज्यको तयारी र संरचनागत क्षमतामाथि प्रश्न उठाउने गरेका छन् । यस्तो अवस्थामा "विपद् पूर्वतयारीमा जुटौं" भन्ने सन्देश केवल नारामात्र नभई राष्ट्रिय आवश्यकता बनेको छ।

विपद् आफैंमा पूर्ण रूपमा रोक्न नसकिने घटना हो, तर त्यसबाट हुने क्षति उल्लेखनीय रूपमा घटाउन सकिन्छ । विश्वव्यापी अनुभवले देखाएको छ कि पूर्वसूचना प्रणाली, जोखिम पहिचान, सुरक्षित पूर्वाधार, उद्धार अभ्यास तथा समुदायस्तरको सचेतनाले विपद्को प्रभाव धेरै कम गर्न सक्छ । नेपालमा अझै पनि धेरै बस्ती जोखिमयुक्त भूभागमा रहेका छन्, भवन निर्माण मापदण्डको पालना कमजोर छ, र विपद् शिक्षा विद्यालय तथा समुदायमा पर्याप्त रूपमा पुगेको छैन । विपद् आएपछि राहत वितरणमा सक्रिय हुने प्रवृत्ति देखिए पनि विपद् आउनुअघि जोखिम न्यूनीकरणमा अपेक्षित लगानी र ध्यान कम देखिन्छ ।

यस सन्दर्भमा सरकार, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज र समुदाय सबैको भूमिका महत्वपूर्ण हुन्छ । संघीय सरकारले नीतिगत स्पष्टता, पूर्वसूचना प्रणालीको विस्तार र विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन गर्नुपर्छ । स्थानीय तहले जोखिम नक्साङ्कन, सुरक्षित बस्ती योजना, जनचेतना कार्यक्रम र नियमित अभ्यास सञ्चालन गर्न आवश्यक छ । निजी क्षेत्रले सुरक्षित निर्माण, बीमा र सामाजिक उत्तरदायित्वका कार्यक्रममार्फत योगदान दिन सक्छ भने नागरिक समाज र सञ्चारमाध्यमले सचेतना फैलाउने तथा समुदायलाई संगठित गर्ने कार्यलाई प्राथमिकता दिनुपर्छ । सबैभन्दा महत्वपूर्ण पक्ष भनेको समुदाय स्वयंको सक्रिय सहभागिता हो, किनकि विपद्को पहिलो सामना स्थानीय नागरिकले नै गर्नुपर्छ ।

अबको आवश्यकता प्रतिक्रियात्मक होइन, पूर्वतयारीमुखी सोच हो । विद्यालयदेखि टोलसम्म विपद् शिक्षा अनिवार्य बनाउने, स्थानीय स्वयंसेवक समूह तयार गर्ने, आपत्कालीन सामग्रीको व्यवस्था गर्ने, सुरक्षित पूर्वाधार निर्माणलाई कडाइका साथ लागू गर्ने र वैज्ञानिक जोखिम मूल्याङ्कनलाई विकास योजनासँग जोड्ने हो भने विपद्को क्षति धेरै हदसम्म घटाउन सकिन्छ ।

अन्तत : विपद् व्यवस्थापन केवल सरकारी दायित्व होइन, साझा जिम्मेवारी हो । समयमै तयारी गर्ने समाजले विपद्को सामना आत्मविश्वासका साथ गर्न सक्छ । त्यसैले जनधनको सुरक्षा, दिगो विकास र सुरक्षित भविष्यका लागि आजैदेखि सबै तह र समुदाय "विपद् पूर्वतयारीमा जुटौं" भन्ने अभियानलाई व्यवहारमा उतार्न आवश्यक छ । सजगता, सहकार्य र पूर्वतयारी नै विपद्माथि विजय प्राप्त गर्ने सबैभन्दा प्रभावकारी उपाय हो ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# धान दिवसको वास्तविक अर्थः तडकभडक होइन, किसानको जीवनमा परिवर्तन



बद्री अधिकारी

असार १५ नेपाली कृषि संस्कृतिको एउटा महत्त्वपूर्ण दिन हो । यही दिनलाई सरकारले राष्ट्रिय धान दिवसका रूपमा मनाउँदै आएको छ । वर्षायामको सुरुवातसँगै धान रोपाइँको चटारो, खेतमा किसानको पसिना, दही-चिउरा खाने परम्परा र कृषिप्रतिको सम्मान यस दिवसका मुख्य विशेषता हुन् । नेपालको खाद्य सुरक्षासँग प्रत्यक्ष जोडिएको धान उत्पादनको महत्त्वलाई उजागर गर्ने उद्देश्यले सुरु गरिएको यो दिवस समयसँगै एउटा औपचारिक उत्सवमा सीमित हुँदै गएको अनुभूति हुन थालेको छ । कतिपय स्थानमा पञ्चेबाजा, सांस्कृतिक कार्यक्रम, फोटो-सेसन र अनावश्यक तडकभडकले प्राथमिकता पाउँदा किसानका वास्तविक समस्या र आवश्यकतामाथि गम्भीर बहस हुन सकेको छैन ।

नेपाल अझै पनि कृषि प्रधान मुलुकका रूपमा परिचित छ । सरकारी तथ्याङ्कअनुसार देशको करिब ६० प्रतिशतभन्दा बढी जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा निर्भर छ भने कृषिले कुल गार्हस्थ्य उत्पादन (GDP) मा करिब एक चौथाइ योगदान पुर्‍याउने गरेको छ । धान नेपालको सबैभन्दा प्रमुख खाद्यान्न बाली हो । देशको कुल खेतीयोग्य जमिनको ठूलो हिस्सा धान खेतीमा प्रयोग हुन्छ र करोडौं नेपालीको दैनिक भोजनको आधार यही बाली हो । त्यसैले धान दिवस केवल एउटा सांस्कृतिक पर्व मात्र होइन, राष्ट्रिय खाद्य सुरक्षा, अर्थतन्त्र र ग्रामीण जीवनसँग जोडिएको विषय पनि हो ।

तर विडम्बना के छ भने धान दिवस मनाइरहँदा खेतमा पसिना बगाउने किसान भने अनेक समस्याले घेरिएका छन् । समयमै रासायनिक मल उपलब्ध नहुने समस्या हरेक वर्ष दोहोरिन्छ । उन्नत बीउको अभाव, सिँचाइ पूर्वाधारको कमजोरी, कृषि श्रमिकको अभाव, उत्पादन लागतमा निरन्तर वृद्धि, उचित बजार र मूल्य नपाउने अवस्था तथा प्राकृतिक विपद्का कारण किसान निराश बन्न बाध्य छन् । जलवायु परिवर्तनका कारण असमयमा हुने वर्षा, लामो खडेरी वा अत्यधिक वर्षाले उत्पादनमा प्रत्यक्ष असर पारिरहेको छ ।

यस्तो अवस्थामा किसानलाई राहत र प्रोत्साहन दिनुपर्ने दिन नै केवल औपचारिक कार्यक्रमको प्रदर्शनमा सीमित हुनु दुःखद पक्ष हो । विगत केही वर्षदेखि विभिन्न स्थानीय तह, सरकारी कार्यालय र संघसंस्थाले धान दिवसलाई उत्सवका रूपमा मनाउने गरेका छन् । खेतमा मन्त्री, जनप्रतिनिधि, कर्मचारी र विभिन्न क्षेत्रका व्यक्तिहरू पुग्ने, केही समय रोपाइँ गर्ने, फोटो खिच्ने र सांस्कृतिक कार्यक्रम आयोजना गर्ने प्रवृत्ति बढेको छ । यसले कृषि संस्कृतिको प्रचार-प्रसारमा केही सकारात्मक सन्देश दिएको हुन सक्छ, तर यसको प्रत्यक्ष लाभ किसानसम्म पुगेको छ भन्ने प्रश्न अझै अनुत्तरित छ । किसानलाई एक दिनको साथभन्दा वर्षभरिको साथ आवश्यक हुन्छ । उनीहरूलाई भाषण होइन, उत्पादन बढाउने वातावरण चाहिएको छ ।

धान दिवसलाई वास्तविक अर्थमा किसान केन्द्रित बनाउन सके यसको प्रभाव निकै सकारात्मक हुन सक्छ । उदाहरणका लागि, यसै दिन उत्कृष्ट उत्पादन गर्ने किसानलाई सम्मान गर्ने, युवा कृषकलाई प्रोत्साहन अनुदान प्रदान गर्ने, कृषि बीमा निःशुल्क वा सहुलियतमा उपलब्ध गराउने, आधुनिक कृषि उपकरण वितरण गर्ने, सिँचाइ आयोजना उद्घाटन गर्ने, उन्नत बीउ र मल वितरण गर्ने तथा किसानसँग प्रत्यक्ष अन्तरक्रिया गरी उनीहरूका समस्या समाधान गर्ने कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यस्ता कार्यक्रमले किसानमा राज्यप्रतिको विश्वास बढाउनुका साथै कृषि पेशालाई सम्मानित बनाउनेछ ।

आज नेपालको अर्को गम्भीर चुनौती भनेको कृषिप्रति युवाको घट्दो आकर्षण हो । गाउँका धेरै उर्वर खेत बाँझो हुँदै गएका छन् भने लाखौं युवा रोजगारीको खोजीमा विदेशिएका छन् । कृषिमा लगानीको अभाव, उत्पादनको उचित मूल्य नपाउने अवस्था र अनिश्चित आम्दानीका कारण युवा कृषि पेशाबाट टाढिँदै गएका हुन् । यदि धान दिवसलाई कृषि उद्यमशीलता प्रवर्द्धन गर्ने अभियानका रूपमा विकास गर्न सकियो भने आधुनिक प्रविधि, यान्त्रिकीकरण, व्यावसायिक खेती र कृषि नवप्रवर्तनतर्फ युवालाई आकर्षित गर्न सकिन्छ । यसले आयातमा निर्भरता घटाउने र ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउने आधार तयार गर्नेछ ।

स्थानीय सरकारहरूको भूमिका यस सन्दर्भमा अझ महत्त्वपूर्ण देखिन्छ । नेपालको संविधानले कृषि विकासको धेरै जिम्मेवारी स्थानीय तहलाई दिएको छ । त्यसैले पालिकाहरूले धान दिवसमा खर्चिने बजेटको समीक्षा गर्न आवश्यक छ । लाखौं रुपैयाँ तडकभडक, मञ्च व्यवस्थापन, मनोरञ्जन र औपचारिक समारोहमा खर्च गर्नुको सट्टा त्यही रकम किसान राहत कोष, बीउ बैंक, कृषि औजार वितरण, सिँचाइ सुधार, माटो परीक्षण, कृषि तालिम वा उत्पादनमा आधारित प्रोत्साहनमा लगानी गरियो भने त्यसले दीर्घकालीन प्रतिफल दिनेछ । धान दिवसले नीति निर्मातालाई पनि आत्मसमीक्षा गर्ने अवसर दिनुपर्छ । वर्षेनी धान उत्पादन बढाउने लक्ष्य घोषणा गरिए पनि मल अभाव, बजार व्यवस्थापन, कृषि अनुसन्धान, भण्डारण र बजारीकरणका पुराना समस्या यथावत् छन् । किसानले आफ्नो उत्पादनको उचित मूल्य नपाउँदा निराश हुन्छन् भने अर्कोतर्फ देशले ठूलो परिमाणमा चामल आयात गर्नुपरेको अवस्था पनि विद्यमान छ । यस्तो विरोधाभास अन्त्य गर्न उत्पादनदेखि बजारसम्मको सम्पूर्ण कृषि प्रणालीलाई सुधार गर्नुपर्ने आवश्यकता छ ।

कृषि केवल किसानको मात्र विषय होइन; यो राष्ट्रिय अर्थतन्त्र, खाद्य सुरक्षा, रोजगारी, वातावरण र आत्मनिर्भरतासँग जोडिएको राष्ट्रिय सरोकारको विषय हो । त्यसैले धान दिवसलाई केवल उत्सवका रूपमा होइन, कृषि सुधारको वार्षिक समीक्षा र नयाँ प्रतिबद्धताको दिनका रूपमा विकास गरिनुपर्छ। सरकारले नीति सुधार गर्ने, स्थानीय तहले किसानमुखी कार्यक्रम लागू गर्ने, निजी क्षेत्रले कृषि लगानी बढाउने र समाजले किसानको श्रमप्रति सम्मान व्यक्त गर्ने संस्कृतिको विकास गर्नुपर्छ ।

अन्ततः, धान दिवसको सफलता पञ्चेबाजाको आवाजले होइन, किसानको अनुहारमा देखिने मुस्कानले मापन हुनुपर्छ । खेतमा एक दिन हिलो खेल्दै तस्वीर खिच्नु भन्दा किसानको घरमा वर्षभरि समृद्धि ल्याउने कार्यक्रम सञ्चालन गर्नु नै साँचो सम्मान हुनेछ ।

अब धान दिवसलाई तडकभडकबाट मुक्त गरी किसानको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने अभियानका रूपमा रूपान्तरण गर्ने समय आएको छ । किनकि किसान बलियो भए मात्र कृषि बलियो हुन्छ, कृषि बलियो भए मात्र राष्ट्र आत्मनिर्भर र समृद्ध बन्न सक्छ ।


## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण ब्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# आलेखः कोशी टप्पुमा पर्यटनको बढ्दो सम्भावना

धरान । सप्तकोशी नदीको बहावसँगै फैलिएको हरियाली, दुर्लभ अर्नाको बथान, चराचुरुङ्गीको चहलपहल र जलचरको जीवन्तले कोशी टप्पुलाई जैविक विविधताको अनुपम आश्रयस्थलका रूपमा स्थापित गरेको छ । जैविक विविधताको दृष्टिले महत्वपूर्ण संरक्षित क्षेत्रमध्ये एक मानिने यहाँ दुर्लभ वन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षणसँगै आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनको उल्लेखनीय सम्भावना बोकेको ठाउँ हो ।

पूर्वी नेपालको तीन जिल्लाको बीचमा फैलिएको कोशी टप्पु सोचे जति अझै चर्चामा आउन सकेको छैन । जैविक विविधताले भरिपूर्ण र प्रकृतिमा आधारित पर्यटनको ठूलो सम्भावना बोकेको कोशी टप्पु दुर्लभ वन्यजन्तु र सयौं प्रजातिका चराचुरुङ्गी पाइने यो अन्तर्राष्ट्रिय महत्व बोकेको सिमसार क्षेत्र वातावरणीय समस्यासँगै आवश्यक पूर्वाधार, प्रचारप्रसार र राम्रो व्यवस्थापन हुन नसक्दा यहाँको पर्यटन सम्भावना अझै पूर्ण रूपमा उपयोग हुन भने सकेको छैन ।

विसं २०३२ मा स्थापना भएको कोशीटप्पु वन्यजन्तु आरक्ष प्रारम्भमा १७५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको थियो । २०६१ सालमा मध्यवर्ती क्षेत्र थपिएपछि अहिले १७३ वर्गकिलोमिटर कायम भएको छ । सुनसरी सप्तरी र उदयपुर जिल्लाभित्र सप्तकोशी नदीले बनाएको टापुमा अवस्थित कोशी टप्पु आरक्ष जङ्गली भैँसी (अर्ना) का कारण चर्चित छ । कोशीटप्पु रैथाने अर्ना पाइने एक मात्र संरक्षित क्षेत्रको रुपमा लिइन्छ । कोशी टप्पु आरक्षभित्र सप्तकोशीको बालुवाबाट बनेका टापु, सिसौं र खयरका जङ्गल, बसाइँसराइ गर्ने चराचुरुङ्गी र अति दुर्लभ खरमयुरका वासस्थान छन् । सन् १९८७ देखि यो आरक्ष रामसार सूचीमा सूचीकृत छ । जलचर प्रजाति घडीयाल, मगरगोही, सोंस (डल्फिन) र माछा पनि पाइन्छ । कोशीटप्पुलाई चराहरूको राजधानी समेत भनिन्छ ।

नेपालको पर्यटन उद्योग अहिले नयाँ गन्तव्यको खोजीमा छ । साहसिक पर्यटन, धार्मिक पर्यटन र हिमाली पर्यटनसँगै पछिल्ला वर्षहरूमा प्रकृतिमा आधारित पर्यटन वन्यजन्तु अवलोकन, फोटोग्राफी पर्यटन र पर्या-पर्यटन पक्षी अवलोकन र अध्ययनका लागि उत्कृष्ट गन्तव्यका रुपमा रहेको कोशी टप्पु पूर्वी भारततर्फको क्षेत्रमा जैविक मार्गका रूपमा समेत लिइन्छ । चितुवाबाहेक अन्य ठूलो मांसाहारी जनावरको सङ्ख्या न्यून भए पनि आरक्षले पूर्वी तराई, मधेस क्षेत्रको वन, वनस्पति, हावापानी र जैविक विविधताको प्रतिनिधित्व गर्दै आएको आरक्ष कार्यालयले जनाएको छ । हिमाल, पहाड तथा तराईको विशिष्ट जैविक विविधता, लोपोन्मुख वन्यजन्तु, जलचर, पंक्षी र विविध वन पैदावारका कारण नेपाल प्रकृतिप्रेमी, अनुसन्धानकर्ता र पर्यटकका लागि विश्वकै प्रमुख आकर्षणको केन्द्र बन्दै आएको कोशी टप्पु वन्यजन्तु आरक्षका रेन्जर अंकित पौडेलले बताउनुभयो ।

सन् १९७६ को गणना अनुसार कोशी टप्पुमा ६३ वटा अर्ना थियो भने सन् २०२१ को गणनाअनुसार कोशीटप्पुमा ४९८ वटा अर्ना रहेका छन् । पौडेलका अनुसार कोशीटप्पुमा स्तनधारी ४२, पक्षी ५३५, माछा १४१ र पुतली ७७ प्रजातिका छन् । २०८० सालको गणनाअनुसार खरमयुर ३२ वटा र २०७९ को गणना अनुसार डल्फिन १९ वटा रहेको उहाँले जानकारी दिनुभयो । कोशीटप्पुमा धेरैजसो चराहरु साइबेरियाबाट आउने गरेका छन्, गर्मीको समयमा भन्दा चराहरु जाडो छल्न आउने गरेको पौडेलले बताउनुभयो । जङ्गली हात्ती, एकसिङ्गे गैँडा, ढाड नहुने प्राणी ५७ प्रजाति, जडीबुटी १८ प्रजाति, डालेघाँस ३३ प्रजाति, उन्यु १२ प्रजाति, कालो भुँडिफोर, सेतो भुँडिफोर, अजिङ्गर, सरिसृप, सुन गोहोरो, घडियाल गोही, निलगाई, चितल, रतुवा, लगुना, मलाह बिरालो, मगर गोहीलगायत दुर्लभ प्रजाति यहाँ रहेका छन् । पछिल्ला वर्षहरूमा कोशी टप्पु वन्यजन्तु आरक्षमा आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको छ । आरक्ष कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म नौ हजार २४२ पर्यटकले आरक्षको भ्रमण गरिसकेका छन् ।

पर्यटकको बढ्दो आकर्षणको मुख्य आधार कोशी टप्पुको समृद्ध जैविक विविधता हो । प्रकृतिसँग नजिक हुन चाहने युवा, वन्यजन्तु फोटोग्राफर, चराप्रेमी तथा अनुसन्धानकर्ताका लागि कोशी टप्पु पछिल्ला वर्षहरूमा आकर्षक गन्तव्य बन्दै गएको छ । नदी, सिमसार, घाँसे मैदान, वन तथा खुला चरन क्षेत्रले समेटेको कोशी टप्पु जैविक विविधताको अनुपम भण्डारका रूपमा परिचित छ । यहाँ पाइने वनस्पति, स्तनधारी जनावर, चराचुरुङ्गी, उभयचर, जलचर तथा अन्य बन्यजन्तुले प्रकृतिक सन्तुलित कायम गरेको छ । यही विशेषताका कारण कोशी टप्पु नेपाल मात्र नभई दक्षिण एसियाकै महत्वपूर्ण जैविक विविधता क्षेत्रका रुपमा परिचित छ ।

कोशी टप्पुको प्रमुख आकर्षणमध्ये चराचुरुङ्गी विविधता एक हो । नेपालमा अभिलेख गरिएका चरामध्ये आधाभन्दा बढी प्रजाति कुनै न कुनै समयमा यहाँ भेटिएका छन् । यसले कोशी टप्पुलाई नेपालको उत्कृष्ट 'बर्ड वाचिङ' गन्तव्यका रूपमा स्थापित गरेको छ । हरेक वर्ष असोज कात्तिकदेखि चैत वैशाखसम्म साइबेरिया, मङ्गोलिया, चीन, मध्यएसिया तथा युरोपका विभिन्न भूभागबाट हजारौं प्रवासी चराहरू यहाँ आइपुग्ने गर्छन । उनीहरूका लागि कोशी टप्पु सुरक्षित बासस्थान, प्रशस्त आहार र अनुकूल वातावरण भएको विश्रामस्थल बनेको छ ।

जलवायु परिवर्तन, सिमसार क्षेत्रको विनाश र बढ्दो मानव अतिक्रमणका कारण विश्वभर चराहरूको प्राकृतिक वासस्थान खुम्चिँदै गएकाले कोशी टप्पुको संरक्षणको महत्व झन् बढ्दै गएको संरक्षणविद्हरू बताउँछन् । यस्ता सिमसार क्षेत्र नष्ट भए प्रवासी चराहरूको बसाइँसराइ चक्रमा गम्भीर असर पर्नसक्ने संरक्षणविद्हरुको भनाइ छ ।

चराविज्ञ अनिस तिमल्सिनाका अनुसार कोशी टप्पु उत्तरी गोलार्द्धबाट आउने प्रवासी चराहरूको प्रमुख विश्रामस्थल हो । उहाँ भन्नुहुन्छ, यदि चराहरूले विमानस्थल बनाउने हो भने नेपालमा उनीहरूको अन्तर्राष्ट्रिय विमानस्थल कोशी टप्पु नै हुन्थ्यो । हिउँद्याम सुरु भएसँगै साइबेरिया, चीन, मङ्गोलिया, मध्य एसियालगायतका क्षेत्रबाट हजारौं किलोमिटर यात्रा गरेर आएका चराहरू यहाँ केही महिना बिताउने र गर्मी सुरु भएपछि पुनः आफ्नै गन्तव्यतर्फ फर्कने गरेको उहाँले बताउनुभयो । कोशी टप्पुमा भएका सिमसार क्षेत्रहरुको थप संरक्षण गर्ने हो भने चराचुरुङ्गी अवलोकन नै कोशी टप्पुको सबैभन्दा ठूलो पर्यटन आकर्षण र सम्भावना रहेको उहाँको भनाइ छ । बर्सेनि बाढीले कटान गर्ने जसले चराहरुको बासस्थानको कमी भएको कारण पहिलेको तुलनामा अहिले चराहरुको आगमनमा कमी आउन थालेको बताइन्छ । कोशी टप्पुको अर्को प्रमुख विशेषता नेपालमा प्राकृतिक रूपमा पाइने एकमात्र जङ्गली भैँसी (अर्ना) को मुख्य वासस्थान हुनु हो । आरक्षमा रहेका विशाल घाँसे मैदान अर्नाका लागि उपयुक्त आवास मानिन्छन् । त्यस्तै कोशी नदीमा पाइने गंगेटिक डल्फिन आरक्षको अर्को महत्वपूर्ण प्राकृतिक सम्पदा हो । विश्वमै सङ्कटापन्न जलचरमध्ये पर्ने यो डल्फिनका लागि कोशी नदीको स्वच्छ बहाव, पर्याप्त गहिराइ र माछाको उपलब्धता अनुकूल मानिन्छ ।

कोशी टप्पुमा डुङ्गा सफारी पनि पर्यटकको आकर्षण बन्दै गएको छ । कोशी नदीमा डुङ्गा यात्रा गर्दा गंगेटिक डल्फिन, जलपक्षी, नदी किनारका वन, विशाल घाँसे मैदान तथा सूर्यास्तको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । आरक्षको वनस्पति विविधता पनि उत्तिकै समृद्ध छ । यहाँ सिसौं, खयर, सेमल, कदम्ब, साज, बाँसलगायतका नदी किनारका वन तथा विशाल घाँसे मैदान पाइन्छन् । यही घाँसे मैदानमा अर्ना, हरिण, नीलगाईलगायतका वन्यजन्तु आश्रित छन् । हरेक वर्ष आउने बाढीले नयाँ घाँसे मैदान सिर्जना गर्ने भएकाले यहाँको प्राकृतिक वातावरण निरन्तर पुनर्जीवित हुँदै आएको छ ।

जैविक विविधता, प्राकृतिक सौन्दर्य, सिमसार क्षेत्र र स्थानीय सांस्कृतिक जीवनशैलीले कोशी टप्पुलाई अन्तरराष्ट्रियस्तरको प्रकृति पर्यटन गन्तव्यका रूपमा विकास गर्ने पर्याप्त आधार प्रदान गरेको छ । विश्व पर्यटन बजारको रुचि अहिले प्रकृतिमैत्री, शान्त वातावरण र वन्यजन्तु अवलोकनतर्फ केन्द्रित हुँदै गएकाले कोशी टप्पुको सम्भावना अझ बढेको छ । यहाँको जैविक विविधता, नदी प्रणाली, दुर्लभ वन्यजन्तु र स्थानीय संस्कृति नै कोशी टप्पुको सबैभन्दा ठूलो सम्पत्ति हो ।

धरानबाट कोशी टप्पु भ्रमणका लागि आउनु भएका सरोज ढकालले प्राकृतिक सौन्दर्य, चराचुरुङ्गी अवलोकन तथा वन्यजन्तुका कारण आरक्ष आफूलाई बारम्बार आकर्षित गर्ने गन्तव्य बनेको बताउनुभयो । "प्रकृतिसँग नजिक हुन र शान्त वातावरणको अनुभूति गर्न म बेला बेलामा यहाँ आउने गर्छु", उहाँले भन्नुभयो । गुणस्तरीय होटल, स्थानीय संस्कृति झल्किने होमस्टे, व्यवस्थित विश्रामस्थल र सूचना केन्द्रको विकाससँगै प्रभावकारी प्रचारप्रसार गर्नसके आन्तरिक तथा विदेशी पर्यटकको सङ्ख्या उल्लेख्य रूपमा बढ्न सक्ने उहाँको भनाइ छ । चरा अवलोकन, जङ्गल सफारी र डुङ्गा शयरजस्ता गतिविधिलाई थप व्यवस्थित र सुरक्षित बनाउँदै जैविक विविधताको संरक्षणसँगै दिगो पर्यटन विकासमा जोड दिनुपर्ने आवश्यक रहेको उहाँको सुझाव छ ।

कोशी टप्पुको पर्यटन विकास अझै प्रारम्भिक चरणमै रहेको स्थानीय होटल व्यवसायी लोकबहादुर मगरको भनाइ छ । उहाँका अनुसार सीमित आवास, कमजोर सडक तथा अन्य पर्यटकीय पूर्वाधार, प्रभावकारी प्रचारप्रसारको अभाव र पर्याप्त लगानी नहुँदा आरक्षको वास्तविक पर्यटन सम्भावनाको पूर्ण उपयोग हुन सकेको छैन । शत्र वर्षदेखि कोशी टप्पुमा उदीप होमस्टे सञ्चालन गर्दै आउनुभएका मगर नेपाली सेनाबाट २० वर्ष सेवा गरेर अवकाशपछि पर्यटन व्यवसायमा लाग्नुभएको हो । स्थानीयस्तरमै उत्पादन हुने अर्गानिक तरकारी र परम्परागत परिकारका कारण धेरै पर्यटकले अगाडी नै बुकिङ गरेर होमस्टेमा बस्न आउने गरेको उहाँले जानकारी दिनुभयो ।

कोशी टप्पुमा जङ्गल सफारी, प्रकृति पदयात्रा र स्थानीय संस्कृति अनुभव गर्ने गतिविधिमा पनि पर्यटकको रुचि बढ्दै गएको छ । स्थानीय परिवारसँग बसेर ग्रामीण जीवनशैली, परम्परागत खानपान र संस्कृतिको अनुभव गर्न सकिने भएकाले आसपासका गाउँमा व्यवस्थित होमस्टे विस्तार गर्न सके पर्यटकको बसाइ अवधि लम्बिने छ । आरक्षसम्म पुग्ने केही सडक अझै स्तरीय छैनन् भने वर्षायाममा यातायात सञ्चालनसमेत प्रभावित हुने गरेको छ ।

पर्यटक सूचना केन्द्र, विश्रामस्थल, सङ्केत बोर्ड, अवलोकन टावर, सार्वजनिक शौचालय तथा गुणस्तरीय आवासको अभाव रहेको स्थानीय बताउँछन् । प्रचारप्रसारको कमीका कारण अन्तरराष्ट्रिय पर्यटन बजारमा कोशी टप्पुले अपेक्षित पहिचान बनाउन नसकेको स्थानीयको भनाइ छ भने अर्कोतर्फ मानव वन्यजन्तु द्वन्द्व पनि स्थानीयका लागि चुनौती बनेको छ । जङ्गली हात्ती तथा अन्य वन्यजन्तुले प्रत्येक वर्ष खेतीबालीमा क्षति पुऱ्याउने गरेको छ ।

आरक्षका रेन्जर अंकित पौडेलका अनुसार जङ्गली हात्तीबाट प्रभावित स्थानीयलाई आरक्षले प्रत्येक वर्ष राहत उपलब्ध गराउँदै आएको छ । संरक्षण, पूर्वाधार विकास र प्रभावकारी प्रचारप्रसारलाई सँगसँगै अघि बढाउनसके कोशी टप्पुले जैविक विविधताको संरक्षणसँगै स्थानीय आर्थिक समृद्धिमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने छ ।

# किसानका समस्या समाधान होस् : अध्यक्ष दाहाल

ललितपुर । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल (प्रचण्ड)ले कृषि क्षेत्रको विकास र किसानका समस्या समाधानलाई प्राथमिकतामा राख्न सरकारसँग आग्रह गर्नुभएको छ ।

राष्ट्रिय धान दिवस तथा रोपाइँ दिवस २०८३ का अवसरमा सम्पूर्ण नेपालीमा शुभकामना व्यक्त गर्दै उहाँले कृषि नेपाली अर्थतन्त्रको मुख्य मेरुदण्ड भएकाले श्रमजीवी किसानको अथक मेहनत, पसिना र समर्पणबाट नै राष्ट्रको खाद्य सुरक्षा तथा समृद्धिको आधार निर्माण हुने धारणा व्यक्त गर्नुभएको छ । संयोजक दाहालले रोपाइँको मुख्य समयमा किसानले सहज रूपमा रासायनिक मल, गुणस्तरीय बीउबिजन, सिँचाइ सुविधा तथा आवश्यक कृषि सामग्री प्राप्त गर्ने वातावरण सुनिश्चित सरकारलाई सुझाव दिनुएको छ । उहाँले कृषि उत्पादन वृद्धि, किसानको जीवनस्तर सुधार र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि किसानमैत्री नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

पूर्वप्रधानमन्त्री दाहालले राष्ट्रिय धान दिवस तथा रोपाइँ दिवसले कृषि र किसानप्रतिको सम्मान बढाउने, उत्पादन वृद्धिको नयाँ सङ्कल्प जगाउने तथा कृषि क्षेत्रको समग्र विकासमा सकारात्मक ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

# रसुवागढीमा मालवाहक सवारीसाधन आवतजावतमा रोक

रसुवा । नेपालको उत्तरी नाका रसुवागढीस्थित मितेरी पुलबाट दुई दिनका लागि सार्वजनिक मालवाहक सवारीसाधनको आवतजावतमा रोक लगाइएको छ ।

अघिल्लो वर्षको असार २४ गते आएको ल्हेन्देखोला बाढीले पक्की पुल बगाएपछि तत्काल सञ्चालन गर्न बेलीब्रिज जडान गरिएको थियो । उक्त बेलीब्रिजबाट आगामी वर्षायाममा सवारीसाधन चलाउन मिल्ने वा नमिल्ने भनी परीक्षण गर्न यातायात सञ्चालनमा आज र भोलि रोक लगाइएको रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले जानकारी दिनुभयो । स्थानीय बासिन्दा र मानसरोवर कैलासका यात्रुलाई भने आवतजावतमा कुनै असहज नहुने प्रजिअ पन्थीले स्पष्ट पार्नुभयो । नेपालबाट केरूङ र केरूङबाट नेपाल भित्रने मालवाहक सवारीसाधनलाई मात्र चिनियाँ सुरक्षाकर्मीले रोक लगाएको जानकारी दिइएको छ ।

पुलको प्राविधिक परीक्षण सकिएपछि पूर्ववत्रूपमा सञ्चालन हुने इलाका प्रहरी कार्यालय टिमुरेका प्रहरी निरीक्षक विक्रम कुँवरले जानकारी दिनुभयो ।

# ८९ अंसहित भरतपुर अस्पताल उत्कृष्ट ठहर

चितवन । भरतपुर अस्पताल न्यूनतम सेवा मापदण्ड (एमएसएस) मा उत्कृष्ट भएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले गरेको अनुगमन तथा मूल्याङ्कनमा भरतपुर अस्पताल देशकै सङ्घीय अस्पतालमध्ये ८९ अङ्कसहित उत्कृष्ट बनेको हो ।

अस्पतालले ८९ अङ्क प्राप्त गर्दै उत्कृष्ट बन्न सफल भएको हो । विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान ७७ अङ्कसहित दोस्रो, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ७१ अङ्कसहित तेस्रो भएका छन् भने पाटन अस्पतालको मापन भइरहेको जनाइएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाका तर्फबाट संयोजक डा श्रीराम तिवारीले भरतपुर अस्पताल देशभरका १४ वटा सङ्घीय अस्पतालमा सेवा प्रवाहमा र राम्रो रहेको बताउनुभयो । मन्त्रालयले अस्पतालको सेवा गुणस्तर मापनका लागि एक हजार ४९७ विभिन्न सूचकहरु बनाएर परीक्षण गरेको हो । गत वर्ष अस्पतालले ८८ अङ्कसहित उत्कृष्ट बनेको थियो ।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा विश्वबन्धु बगालेले अघिल्लो आर्थिक वर्षभन्दा चालु आवमा अस्पतालले अझै राम्रो गरेको बताउनुभयो । बिरामीले पाउने सेवा सुविधा, अस्पतालमा उपलब्ध उपकरण, कामको तालिका, सरसफाइ, औषधि, जनशक्तिको अवस्था सबै कुरालाई अस्पतालले अद्यावधिक गरेको उहाँको भनाइ छ ।

# गोरखामा अफ्रिकन स्वाइन फिभरबाट २५० सुँगुर/बङ्गुर मरे

प्रत्यूष समाचारदाता

गोरखा । अफ्रिकन स्वाइन फिभरबाट गोरखामा २५० भन्दा बढी सुँगुर/बङ्गुर मरेका छन् । दुई महिनायता फैलिएको अफ्रिकन स्वाइन फिभरको सङ्क्रमणबाट हालसम्म २५० भन्दा बढी सुँगुर/बङ्गुर मरेको जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ ।

केन्द्रका प्रमुख अनन्त कोइरालाका अनुसार गोरखा नगरपालिका-६, मानवसेवा आश्रम टोलका किसान राजकुमार श्रेष्ठको फार्मका ८० वटा र सोही क्षेत्रकी जुना रेग्मीको फार्मका १० वटा बङ्गुर मरेका छन् । त्यस्तै मान्द्रेढुङ्गाका धनकुमार गुरुङको फार्मका ६० वटा बङ्गुर दुई साताको अवधिमा मरेका उहाँले जानकारी दिनुभयो । बाँकी अन्य किसानका फार्मका सुँगुर/बङ्गुर पनि सङ्क्रमणका कारण मरेका हुन् ।

अहिलेसम्मको तथ्याङ्कअनुसार गोरखा नगरपालिका-६, ७ र ८ तथा सहिद लखन गाउँपालिका-७ का फार्ममा रहेका सुँगुर/बङ्गुरमा अफ्रिकन स्वाइन फिभरको सङ्क्रमण फैलिएको कोइरालाले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा यो रोगको सङ्क्रमण पहिचान भएको करिब दुई महिना मात्र भएको छ ।

कार्यालय प्रमुख कोइरालाले भन्नुभयो, "अहिलेसम्म यस रोगको न उपचार छ, न त खोप नै उपलब्ध छ । त्यसैले सङ्क्रमण भएपछि सुँगुर/बङ्गुर मर्नु निश्चितजस्तै हुन्छ । सङ्क्रमित स्थानमा पुगेका मानिसको लसपस, दाना तथा औषधिमार्फत पनि यो रोग सर्न सक्छ ।" उहाँका अनुसार उपचार नभएकाले यसबाट बच्न आवश्यक सावधानी अपनाउनु नै एक मात्र उपाय हो । "अफ्रिकन स्वाइन फिभरका कारण धमाधम सुँगुर/बङ्गुर मरेका जानकारी आएका छन् । केही फार्म दर्ता भएका छन् भने केही दर्ताविहीन भएकाले सबै विवरण प्राप्त नभएको हुन सक्छ", कोइरालाले भन्नुभयो । उहाँले रोगबाट बच्न सङ्क्रमित खोर तथा त्यहाँको संसर्गबाट टाढा रहन सुझाव दिनुभयो ।

किसान धनकुमार गुरुङका अनुसार सङ्क्रमण भएपछि सुँगुर/बङ्गुरमा ज्वरो आउने, खाना खान छाड्ने, शरीरमा धब्बा वा दाग देखिने तथा करिब एक साताभित्र मर्ने लक्षण देखिने गर्दछ ।

# संस्कृत भाषा प्रशिक्षणमा आकर्षण बढ्यो

प्रत्यूष समाचारदाता

काठमाडौँ । बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले संस्कृति र संस्कार संरक्षणका लागि संस्कृत भाषाको आवश्यकता रहेको बताउनुभएको छ ।

बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालयको आयोजना र संस्कृत माध्यमिक विद्यालय रानीपोखरीको समन्वयमा ४० दिनसम्म भएको संस्कृत भाषा प्रशिक्षण कार्यक्रम समापन समारोहलाई सम्बोधन गर्नुहुँदै उहाँले प्रदेश सरकार/मन्त्रालयले संस्कृत, तामाङ, नेपाल भाषालगायतको प्रशिक्षण सञ्चालन गर्दै आएको र सबैको संस्कृति र मौलिकताको संरक्षण एवं विकासमा लागिपरेको उल्लेख गर्नुभयो । प्रशिक्षार्थीबाट माग भएको संस्कृत भाषा र ज्योतिषको एड्भान्स कोर्सका लागि सकारात्मक रहेको मन्त्री श्रेष्ठको प्रतिबद्धता छ ।

प्रदेश सरकारले भाषाको संरक्षण र विकासका लागि मात्र करिब रु तीन करोड बजेट खर्च गरिरहेको जानकारी पनि उहाँले दिनुभयो । "सबै उमेर समूहका प्रशिक्षार्थीमा संस्कृत सिक्ने अदभुत उत्साह देखेर अत्यन्त खुसी लागेको छ, संस्कृतलाई अनिवार्य विषय बनाउनुपर्छ तर यो कार्य केन्द्र सरकारको अधिकारमा रहेको छ", मन्त्री श्रेष्ठले भन्नुभयो ।

संस्कृत माध्यमिक विद्यालयमा १२० घण्टे संस्कृत भाषा प्रशिक्षण कार्यक्रम गरिएको हो । दुई वटा समूहबाट प्रशिक्षण सञ्चालन भएको थियो । प्रशिक्षणमा ८२ जनाको सहभागिता रहेको थियो । प्रतिदिन तीन घण्टा प्रशिक्षण दिइएको थियो । बेलुकी ४:०० बजेदेखि ७:३० बजेसम्म प्रशिक्षण दिइएको हो । प्रशिक्षार्थीलाई निःशुल्क खाजा र स्टेसनरीको व्यवस्था समेत गरिएको थियो ।

प्रशिक्षणमा सेवानिवृत्त निजामती कर्मचारी तथा शिक्षक, सेवारत एमबिबिएस डाक्टर, इन्जिनियर, शिक्षक, व्यवसायी, गृहिणी, कलेज तहमा संस्कृत विषय अध्ययन गरिरहेका विद्यार्थी, विद्यालय तहमा साधारण विद्यालयमा पढिरहेका विद्यार्थीलगायतको सहभागिता थियो ।

# केराको व्यावसायिक 'वाइन' र 'ब्रान्डी' उत्पादन

चितवन । विगत १५ वर्षदेखि व्यावसायिक केराखेती गर्दै आउनुभएका चितवनको रत्ननगर नगरपालिका-१२ जिरौनाका कृषक ठाकुर सापकोटाले केराको विविधिकरण गर्दै यसबाट मदिराजन्य पेय पदार्थ उत्पादन 'वाइन' र 'ब्रान्डी' उत्पादन गर्न सफल हुनुभएको छ । उहाँले यसको सफल परीक्षण गर्नुभएको छ ।

उत्पादनमुखी कृषि प्रणालीलाई उद्योगसँग जोड्ने उद्देश्यले विगत एक वर्षदेखि उहाँले केराका बाइ-प्रोडक्ट उत्पादनका लागि अध्ययन तथा प्रयोगात्मक अनुसन्धान सुरु गर्नुभएको हो ।

एक एण्ड वी केरा फार्ममार्फत करिब १२ बिघा क्षेत्रफलमा व्यावसायिक रूपमा केराखेती गर्दै आउनुभएका उहाँले हावाहुरी, बजार अभाव तथा अन्य प्राविधिक कारणले बोटमै कुहिने र खेर जाने केरालाई कच्चा पदार्थका रूपमा उपयोग गर्ने सोचका साथ मदिराजन्य पेय पदार्थ उत्पादनको परीक्षण थालेको बताउनुभयो ।

कृषि विकास कार्यालय, भरतपुरको सहयोग, प्राविधिक उपकरण तथा प्रोत्साहनमा सञ्चालन गरिएको अनुसन्धानबाट केराको वाइन उत्पादन पूर्ण रूपमा सफल भएको छ भने ब्रान्डी उत्पादनसम्बन्धी अनुसन्धान सफल चरणमा पुगेको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार एक पटकमा ५०० केजी पाकेको केरा प्रशोधन गर्दा करिब २०० लिटर वाइन उत्पादन गर्न सकिन्छ । त्यसैगरी, ३०० केजी केराबाट करिब १२० देखि १३० लिटर ब्रान्डी उत्पादन हुने गरेको छ । यो प्रविधि पूर्ण रूपमा पाकेको केरामा हुने प्राकृतिक चिनीको फर्मेन्टेसन प्रक्रियामा आधारित रहेको उहाँले बताउनुभयो ।

सापकोटाले यस व्यवसायलाई ठूलो डिस्टिलरीका रूपमा नभई स्थानीयस्तरमै सञ्चालन हुने 'माइक्रो-डिस्टिलरी' (लघु मदिरा उद्योग)का रूपमा दर्ता गर्ने प्रक्रिया अघि बढाएको जानकारी दिनुभयो । उहाँले गण्डकी गाउँपालिका तथा खोटाङका स्थानीय तहहरूले कोदोको ब्रान्डिङ गरेजस्तै चितवनको केरालाई पनि स्थानीय कानुन तथा कार्यविधिमार्फत ब्रान्डिङ गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "हामी ठूलो डिस्टिलरी होइन, स्थानीय स्तरको माइक्रो-डिस्टिलरीका रूपमा दर्ता प्रक्रिया अगाडि बढाउँदैछौं । गण्डकी गाउँपालिका वा खोटाङले कोदोको ब्रान्डिङ गरेजस्तै चितवनको केरालाई पनि ब्रान्डिङ गर्न सकियो भने यसले कृषि पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ । चितवन आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि यो उत्कृष्ट चिनोसमेत बन्न सक्छ ।"

हाल परीक्षणका रूपमा करिब एक हजार जनालाई केराबाट उत्पादित पेय पदार्थ चखाइएकामा अत्यन्त सकारात्मक प्रतिक्रिया प्राप्त भएको र आगामी आर्थिक वर्षदेखि व्यावसायिक उत्पादन तथा बजार विस्तार गर्ने तयारी भइरहेको सापकोटाले बताउनुभयो । उहाँका अनुसार हाल परीक्षण चरणमा परिवारका सदस्यसहित उद्योग र बजार व्यवस्थापनमा प्रत्यक्ष रूपमा आठदेखि नौ जना संलग्न छन् ।

यसका साथै, केराका बहुउपयोगी परिकारको प्रवर्द्धन गर्ने उद्देश्यले रत्ननगरको टाँडी बजारस्थित बकुलहर चोकमा छुट्टै आउटलेट सञ्चालनमा ल्याइएको छ । उक्त आउटलेटमा केराको मःमः, चिप्स, पकौडा, छोइला, बनाना चिल्ली तथा अचारलगायतका विभिन्न परिकार उपलब्ध गराइएको छ, जसले स्थानीय उपभोक्ता तथा पर्यटकलाई आकर्षित गरिरहेको छ । सापकोटा भन्नुहुन्छ, "धेरै वर्षदेखि व्यावसायिक केरा खेती गर्दै आउँदा बजारीकरण र प्राकृतिक विपत्तिका कारण ठूलो समस्या भोग्नुपऱ्यो । बारीमै पाकेर खेर जाने केरालाई कसरी सदुपयोग गर्न सकिन्छ भन्ने सोच्दै जाँदा यो अवधारणा विकसित भएको हो ।"

केरालाई विविधीकरण गरी चितवनको पहिचानका रूपमा स्थापित गर्ने तथा यसको व्यावसायिक विस्तारमार्फत स्थानीय कृषि अर्थतन्त्रलाई बलियो बनाउने लक्ष्य रहेको उहाँले बताउनुभयो ।


**बागमती प्रदेश अन्तर्गत धादिङ जिल्लाको थाक्रे गाउँपालिका वडा नं. ०७ स्थित धार्नी खोला, राम्चे, साधारण निर्माणमुखी ढुङ्गा उत्खनन् गरी खानी संचालानार्थ, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति : २०८३/०३/१६)

बागमती प्रदेश, धादिङ जिल्लाको थाक्रे गाउँपालिका वडा नं. ०७ स्थित धार्नी खोला, राम्चे, क्षेत्रमा श्री बज्रकाली रोडा ढुङ्गा उद्योग प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री बज्रकाली रोडा ढुङ्गा उद्योग प्रा.लि.<br>थाक्रे गाउँपालिका- ०७, धादिङ, बागमती प्रदेश<br>फोन नं : ९८५१०३६३९१<br>इमेल : moktan98510@gmail.com |
| प्रस्तावको व्यहोरा | प्रस्तावित खानी धादिङ जिल्लाको थाक्रे गाउँपालिका वडा नं. ०७ स्थित धार्नी खोला, राम्चे, क्षेत्रमा पर्दछ । भौगोलिक अवस्थाका आधारमा यस प्रस्तावित खानी टोपो सिट नं. २७८५ ०५ A (१:२५,०००) मा पर्ने १५५०.०० मि. उचाईमा रहेको बिन्दु (नियामक पूर्व ६०९३४२.५० मि. र उत्तर ३०६६२३०.०० मि.) लाई मूल चिन्ह मानी सोबाट पूर्व १८०.०० मि., पश्चिम २२०.०० मि., उत्तर ५५.०० मि. र दक्षिण ५७०.०० मि. गरि जम्मा ०.२५ वर्ग कि.मि. क्षेत्रफल मध्येबाट गरि जम्मा ४.६३५ हे. निजि जमिन खानी क्षेत्रमा पर्दछ । यस खानी क्षेत्रबाट करिव निजि जमिन Top Soil Yard Yard :-०.०९९५ हे., Stock Yard :- ०.०५७ हे., Site Office :- ०.१०, पहुँच सडक उत्खनन् क्षेत्र :- ०.०८३ हे.) सम्पूर्ण व्यक्तिगत निजि जमिन भित्रबाट साधारण निर्माणमुखी ढुङ्गा उत्खनन् तथा संकलन गर्नु हो । यस खानी बार्षिक सरदर २४० दिन संचालनमा रहनेछ जस अनुसार दैनिक ढुङ्गा ३२४ घन मिटर र by product ग्राभेल १७४ घन मिटर घन मिटर उत्खनन् गर्नु रहेको छ । यसरी बार्षिक कुल १,१९,५२० घन मिटर साधारण निर्माणमुखी ढुङ्गा र ग्राभेल उत्खनन् तथा संकलन गरिनेछ । |
| प्रभावित पार्न सक्ने जिल्ला/गा.पा. | धादिङ जिल्लाको थाक्रे गाउँपालिका वडा नं. ०७ स्थित धार्नी खोला, राम्चे, र आसपासको क्षेत्र । |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न यस, थाक्रे गाउँपालिका वडा नं. ०७ तथा यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री बज्रकाली रोडा ढुङ्गा उद्योग प्रा.लि.<br>थाक्रे गाउँपालिका- ०७, धादिङ, बागमती प्रदेश<br>फोन नं : सुजन लामा: ९८५१०३६३९१<br>इमेल : moktan98510@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | जियोएक्सप्लोरर कन्सल्ट प्रा. लि<br>दक्षिणकाली नगरपालिका -०५, काठमाडौं, बागमती प्रदेश<br>ईमेल : geoexplorerconsult@gmail.com<br>फोन नं : ९८४१८९२३६७ |


# निःशुल्क बिरुवा लैजान आग्रह

तनहुँ । डिभिजन वन कार्यालय, तनहुँले यहाँका स्थानीयलाई विभिन्न २८ प्रजातिका बिरुवा निःशुल्क लिन आउन आग्रह गरेको छ ।

मङ्गलबारदेखि कार्यालय परिसरमा रहेका निमारो, राइखन्यु, बडहर, कटहर, च्युरी, कोइरालो, तेजपात, अशोका, कल्की, निम, कपूर, शितलचिनी, अमला, बर्ता, हर्रो, बकाइनो, कुरिलो, धूपी, गुलमोहर, बिरिस्फूल, पारिजात, चाँप, बयर, बेल, पिपल, वर, राजवृक्ष र नौरङ्गेलगायत २८ प्रजातिका बिरुवा निःशुल्क लैजान आग्रह गरेको हो ।

वन कार्यालयले वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, जैविक विविधता संरक्षण तथा वृक्षरोपण अभियानलाई प्रभावकारी बनाउने उद्देश्यले निःशुल्क बिरुवा वितरण गर्न लागेको वन अधिकृत राजकुमार श्रेष्ठले बताउनुभयो । वर्षायाम वृक्षरोपणका लागि उपयुक्त समय भएकाले नागरिक, सामुदायिक वन उपभोक्ता समूह, विद्यालय, सङ्घसंस्था तथा स्थानीय तहलाई बिरुवा लगाउन प्रोत्साहित गर्न कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

"वन क्षेत्र संरक्षण मात्र पर्याप्त हुँदैन, खुला तथा खाली जमिनमा समेत वृक्षारोपण आवश्यक छ," श्रेष्ठले भन्नुभयो, "हामीले वितरण गर्ने बिरुवालाई सही तरिकाले रोपेर संरक्षण गर्न सकियो भने यसले वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदान पुऱ्याउँछ ।" उहाँले वितरण गरिने बिरुवामध्ये केही प्रजाति फलफूल, केही औषधीय तथा केही छायाँ र वातावरणीय महत्वका रहेको जानकारी दिनुभयो ।

स्थानीय आवश्यकता र भौगोलिक अवस्थाअनुसार बिरुवा छनोट गरेर रोप्न आग्रह गर्दै श्रेष्ठले बिरुवा रोपिसकेपछि त्यसको संरक्षणलाई विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com